छलफल तथा निर्णयहरु

१. श्रम तथा रोजगार मन्त्रालयबाट पेश हुन आएको राष्ट्रिय व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति,२०७३ मा देहाय बमोजिम परिमार्जन गरी स्वीकृति प्रक्रिया अघि बढाउन उक्त मन्त्रालयमा पठाउने ।

(क) नीतिको लेखनको ढाँचालाई परिमार्जन गरी निरीक्षण, कानूनी सुधार, क्षमता अभिवृद्धि र सहकार्य तथा समन्वय गरी चार वटा रणनीतिहरु अन्तर्गत कार्यनीतिहरुलाई समायोजन गर्ने ।

(ख) नीतिमा बिभिन्न संगठनात्मक संरचनाहरुको प्रस्ताव गरिएको सन्दर्भमा यसलाई संस्थागत व्यबस्थासम्बन्धी छुट्टै शीर्षक भित्र राख्ने ।

(ग) नीति कार्यान्वयन गर्दा लाग्ने खर्चको अनुमान गरी कार्यान्वयनयोग्य बनाउने ।

(घ) नीतिको भाषा तथा प्रस्तुतिको सम्पादन तथा सुधार गर्ने ।

२. श्रम तथा रोजगार मन्त्रालयबाट पेश हुन आएको बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना,२०७४-८४मा देहाय बमोजिम परिमार्जन गरी स्वीकृति प्रक्रिया अघि बढाउन उक्त मन्त्रालयमा लेखी पठाउने।

(क) प्रस्तावित दस्तावेजलाई "गुरुयोजना" को सट्टा "रणनीतिक योजना" को रुपमा तर्जुमा गर्ने ।

(ख) उद्देश्य र रणनीतिका बीचमा अन्तरसम्बन्ध स्थापित गर्न तिनको पुनरावलोकन गर्ने ।

(ग) लक्षित समूह अन्तर्गत "बालसैनिक वा प्रहरी" समावेश भएको देखिएकाले सोलाई हटाउने।

(घ) आवश्यक पर्ने बजेटको प्रक्षेपण गर्दा वार्षिक अनुमानका साथै मुद्रास्फितिलाई समेत आधार मान्ने ।

(ङ) सूचकहरुको पुनरावलोकन सहित नतिजा खाकालाई परिमार्जन गर्ने ।

(च) भाषा तथा प्रस्तुतिको सम्पादन एवं सुधार गर्ने ।

३. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४।०६।२ को निर्णयानुसार राष्ट्रिय योजना आयोगको सदस्य पदमा नियुक्त भई आउनु भएका डा. गोविन्दराज भट्टलाई स्वागत गरी आयोगबाट भैरहेका कार्यहरुको बारेमा जानकारी गराइयो ।

४. राष्ट्रिय योजना आयोगको सदस्यको पदबाट राजिनामा दिनु भएका माननीय सदस्य प्रा.ई हिरेन्द्रमान प्रधानलाई उहाँले आयोगमा रहँदा पुर्‍याउनु भएको योगदानका लागि धन्यवाद दिंदै आगामी दिनको सफलताको कामना सहित विदाई व्यक्त गरियो ।